**लिखु गाउँ कार्यपालिकाको बैठक संख्या - ९, (आ.व. २०८२/०८३)**

आज मिति २०८२/१२/२० गते बुधवार, बिहानको १० बजे लिखु गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ३ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ४ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ५ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ६ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ८ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| ९ | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| १० | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| ११ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १२ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १३ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १४ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १५ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १६ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १७ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरुः**

श्री प्रमोद भट्टराई-सूचना प्रविधि अधिकृत

श्री निशा कार्की - कार्यालय सहयोगी

**बैठक संख्या: ९**
**क. मिति: २०८२/१२/२० गते बुधवार**
**ख. विहानः १०:०० बजे**

---

**क) प्रस्तावित विषयहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. योजना तथा ठेक्का कार्यान्वयन सम्बन्धमा।
३. LGPASसम्बन्धमा,
४. SIP तथा सडक बोर्ड रकम व्यवस्थापन सम्बन्धमा,
५. योजना बैङ्क पारित सम्बन्धमा,
६. राजश्व दर पुनरावलोकन सम्बन्धमा,
७. विविध ।

**ख. निर्णयहरुः**

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं २,**

प्रस्ताव नं. २, लिखु गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को योजना तथा ठेक्काको हालसम्मको कार्य प्रगति सम्बन्धमा छलफल गर्दा कतिपय योजना तथा ठेक्काको कार्यान्वयन पक्ष कमजोर देखिएको हुँदा यसअघिको कार्यपालिका बैठकले मिति २०८२ चैत १५ भित्र सबै योजना सम्झौता गरिसक्ने निर्णय गरेतापनि विविध कारणले योजना सम्झौता हुन नसकेका योजनाको हकमा अन्तिम पटकका लागि २०८२ चैत मसान्तभित्र योजना सम्झौता म्याद थप गर्ने र उल्लिखित अवधि पश्चात् पूर्वाधार सम्बन्धी कुनै पनि योजना सम्झौता नगर्ने निर्णय गरियो ।

यसैगरी, पालिकाबाट चालु आर्थिक वर्षमा सञ्चालित कतिपय ठेक्काहरूको कार्यान्वयन प्रगति सन्तोषजनक नदेखिएको हुँदा कार्यालयमा पेश गरिएको कार्यतालिका बमोजिम नै कार्यप्रगति हासिल गर्न सम्बन्धित निर्माण व्यवसायीहरूलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा स्थानीय शासन कार्यसम्पादन स्वमूल्याङ्कन समन्वय समितिले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा प्रविष्टि गरेको सूचक तथा कागजातहरु सन्तोषजनक देखिएकोले सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै सूचकहरुको थप पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहाय बमोजिमका आयोजनाहरूलाई रकमान्तर तथा शीर्षकान्तर गर्नुपर्ने देखिएकाले सो सम्बन्धी संशोधन आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रम/आयोजनाको नाम</th><th>श्रोत</th><th>खर्च शीर्षक</th><th>विनियोजित रकम</th><th>थप रकम</th><th>घट रकम</th><th>संशोधित रकम</th><th>रकमान्तर शीर्षक तथा शिर्षकान्तर</th><th>कायम रकम</th></tr>
<tr><td>१.</td><td>नौबिसे कात्तिके खोलाघारी हुँदै च्युरीडाँडा जोड्ने सडक आयोजना लिखु १</td><td>संघीय समानीकरण</td><td>३११११२</td><td>७०००००</td><td>०</td><td>२०००००</td><td>५०००००</td><td rowspan="2">साना सिंचाइ साझेदारी</td><td rowspan="2">६२३०००</td></tr>
<tr><td>२.</td><td>जुके दोभान लिखु खोला ल.ज.वि. आयोजना व्यवस्थापन लिखु ४</td><td>संघीय समानीकरण</td><td>३११११२</td><td>१०००००</td><td>०</td><td>१०००००</td><td>०</td></tr>
<tr><td>३.</td><td>नश्ल सुधार कार्यक्रम</td><td>संघीय समानीकरण</td><td>३११११२</td><td>२५००००</td><td>०</td><td>२५००००</td><td>०</td><td>सडक बोर्ड साझेदारी</td><td>३७५०००</td></tr>
<tr><td>४.</td><td>स्वास्थ्य संस्थामा आयुर्वेद घुम्ती शिविर सञ्चालन</td><td>संघीय समानीकरण</td><td>३११११२</td><td>२०००००</td><td>०</td><td>२०००००</td><td>०</td><td></td><td></td></tr>
<tr><td>५.</td><td>विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम</td><td>संघीय समानीकरण</td><td>३११११२</td><td>१०००००</td><td>०</td><td>१०००००</td><td>०</td><td></td><td></td></tr>
<tr><td>६.</td><td>नसर्ने रोग व्यवस्थापनको लागि नागरिक आरोग्य कार्यक्रम</td><td>संघीय समानीकरण</td><td>३११११२</td><td>१०००००</td><td>०</td><td>१०००००</td><td>०</td><td></td><td></td></tr>
<tr><td>७.</td><td>निःशुल्क वितरणको लागी अत्यावश्यक आयुर्वेदिक औषधी खरिद तथा घुम्ति शिविर सञ्चालन</td><td>संघीय समानीकरण</td><td>३११११२</td><td>४०००००</td><td>०</td><td>४८०००</td><td>३५२०००</td><td></td><td></td></tr>
</table>

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा कार्यालयद्वारा पेश गरिएको लिखु गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको आय–व्यय विवरण समग्र रूपमा समीक्षा गरियो । प्रस्तुत विवरण प्रचलित नियम, बजेट तथा स्वीकृत कार्यक्रम अनुरूप रहेको देखिएकोले उक्त आय–व्यय विवरणलाई सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको समग्र विकासलाई योजनाबद्ध रूपमा अगाडि बढाउने उद्देश्यले तयार गरिएको योजना बैङ्क उपयुक्त र प्रयोजनमुखी रहेको ठहर गरियो । अतः उक्त योजना बैङ्कलाई सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो । योजना बैङ्क यसैसाथ संलग्न रहनेछ ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आर्थिक प्रशासनलाई थप व्यवस्थित तथा स्पष्ट बनाउन आर्थिक ऐन, २०८२ मा देहाय बमोजिम संशोधन आवश्यक देखिएको निष्कर्ष निकालियो । अतः उक्त संशोधनलाई अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**अनुसूचि-१२**
**(दफा १४ संग सम्बन्धित)**
**सरकारी सम्पत्ति बहाल (राजश्व शीर्षक- १४१५१)**

| **क्रा.स.** | **विवरण** | **हालको दर** | **संशोधित दर** |
|---|---|---|---|
| **व्याकहु लोडर बहाल सम्बन्धी** | | | |
| १ | मेशिन स्टार्ट भएको समयबाटै, ईन्धन सहित (प्रति घण्टा) | ३०००।०० | ३०००।०० |

**(दफा १४ संग सम्बन्धित)**
**सरकारी सम्पत्ति बहाल (राजश्व शीर्षक- १४१५१)**

| **क्रा.स.** | **विवरण** | **हालको दर** | **संशोधित दर** |
|---|---|---|---|
| **एम्बुलेन्स सम्बन्धी** | | | |
| १. | गाउँपालिकादेखि साँघुटार बजारसम्म | २०००।०० | २०००।०० |
| २. | गाउँपालिकादेखि सिरिसे बजारसम्म | २००० | २००० |
| ३. | गाउँपालिकादेखि मन्थली बजारसम्म | ७००० | ८०००० |
| ४. | गाउँपालिकादेखि खुर्कोट बजारसम्म | ८००० | ९००० |
| ५. | गाउँपालिकादेखि काठमाडौँसम्म | १३००० | १५००० |
| ६. | गाउँपालिकादेखि रानीबनसम्म | २००० | २००० |
| ७. | गाउँपालिका क्षेत्रभित्र | १००० | १००० |

**निर्णय नं ६,**

लिखु गाउँपालिका  कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने निर्णय गरियो।